चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

पत्र संख्या : २०७८/०७९ मिति :२०७८/०६/१४

चलानी नं. : ६०१

विषय : महोत्सव, मेला जात्रा आदि सञ्चालन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) को च.न.८९० मिति २०७८/०६/१२ गतेको चाडपर्व,महोत्सव, मेला जात्रा आदि सञ्चालन सम्बन्धमा लेखिएको आदेश यसै पत्रसाथ संलग्न गरि पठाईएको छ ।सोही पत्रबाट व्यहोरा अवगत गरि सोहिबमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

गोकुल ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np
मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# जिल्ला प्रशासन कार्यालय

मुसिकोट रुकुम (पश्चिम)

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं. ८९०

मितिः- २०७८/०६/१२

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

विषयः महोत्सव, मेला जात्रा आदि सञ्चालन सम्बन्धमा ।

श्री रुकुम(पश्चिम) जिल्लास्थित स्थानीय तहहरु।

प्रस्तुत विषयमा मुलुकमा कोभिड-१९ को संक्रमण कायमै रहेको अवस्थालाई मध्यनजर गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।०६।०५ को निर्णयबाट चाडपर्व मनाउँदा भीडभाड नगर्ने, सकभार घरमै मनाउने, अनावश्यक रुपमा घर बाहिर ननिस्कने, सभा, जुलुस, महोत्सव आदि नगर्ने लगायतका आदेश जारी भएको छ (उक्त आदेशको छाँयाप्रति यसैसाथ संलग्न छ)।चाड पर्वहरुको अवसर पारेर यस जिल्लामा समेत विभिन्न संस्था तथा समूहहरुबाट विभिन्न किसिमका महोत्सव, मेला जात्रा खेलकुद कार्यक्रम जस्ता मानिसहरुको बढी भीडभाड हुने खालका गतिविधिहरु सञ्चालन गर्ने गरेको पाइएको छ।यस्ता भीडभाडयुक्त क्रियाकलापहरुबाट एकातिर कोभिड-१९ को संक्रमण बृद्धि भई जनस्वास्थ्यमा गम्भिर समस्या सृजना हुने देखिन्छ भने अर्कोतिर यस्ता कार्यक्रमहरुमा अवान्छित गतिविधिहरु समेत भई झैझगडा, कुटपिट लगायत शान्ति सुरक्षामा असर पुऱ्याउने खालका गतिविधिहरु हुन सक्ने देखिन्छ।हालसम्म जिल्लामा कोभिड-१९ को संक्रमण कायमै रहेको तथा चाडपर्वको समयमा बाहिरबाट आउने व्यक्तिहरुका कारण थप संक्रमण बढ्न सक्ने देखिएको हुँदा अत्यावश्यक र प्रचलित धर्म, संस्कृति जगेर्ना गर्नको लागि नगरी नहुने खालका कार्यक्रमहरु मात्र सञ्चालनका लागि स्थानीय प्रशासनको समन्वयमा अनुमतिका लागि सिफारिस गरी पठाउनुहुन र अनुमति विना त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्ने/गराउन नदिनुहुन तथा प्रचलित कानून तथा आदेशको पालना नगर्नेलाई कारवाही गर्न सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

२०७८/०६/१२

(बद्रीनाथ गैह्रे)
प्रमुख जिल्ला अधिकारी

बोधार्थः

श्री जिल्ला प्रहरी कार्यालय, रुकुम(पश्चिम): अनुमति विना सञ्चालन हुने महोत्सव, मेला, जात्रा आदि भीडभाडयुक्त कार्यक्रमहरु सञ्चालन गर्न नदिनुहुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्या:- शा.सु. ०७८/०७९/६

चलानी नं.:- ४८६

पत्र संख्या र मितिः-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७८/०६/१०

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाडौं ।
श्री राष्ट्रिय अनुसन्धान विभाग, वरफवाग, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)
दर्ता नं ४६०
मिति २०७८/६/११

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०६/०५ गतेको बैठकले कोभिड-१९ सम्बन्धी विषयमा देहाय बमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयनका लागि लेखी आएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/१६८८, मिति २०७८/०६/०५ गतेको पत्रको छायाँप्रति पाना ३ (तीन) कार्यान्वयनका लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७८/०६/१०

(सुमन पण्डित)
शाखा अधिकृत

श्री प्रशासन
... स्थानीय तह, कार्यालय
... गाभिडय लेखा लाई
... पठाउने / DCMC
बैठकमा पेश गर्ने
६/११

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- मं.वै./३२१/१६८८

मितिः २०७८/६/५

श्री सचिव,

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

कोभिड-१९ सम्वन्धी विषय म.प.वै.सं. ४४/०७८ मिति २०७८/६/५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

<u>नेपाल सरकारको निर्णय-</u>

१. "नेपाल सरकारले सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ रोग रोकथाम, नियन्त्रण, निदान र उपचार गर्न देहायको आदेश जारी गर्ने:-

सर्वसाधारणको दैनिक क्रियाकलाप, पेशा तथा व्यवसायको सञ्चालन सम्वन्धमा देहाय बमोजिम गर्ने गराउने:-

क. सर्वसाधारण सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्ने।

ख. चाड पर्व मनाउँदा भिडभाड नगर्ने, सकभर घरमै मनाउने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गरेर मात्र आवत जावत गर्ने।

ग. अनावश्यक रूपमा मानिसहरू घर बाहिर ननिस्कने, भिडभाड नगर्ने, सभा जुलुस, महोत्सव आदि नगर्ने।

घ. उद्योग, कलकारखाना, होटेल, रेष्टुरेण्ट, सिनेमा हल, व्यायामस्थल लगायतका स्थान सामाजिक दूरी कायम राखी स्वास्थ्यका मापदण्डको पालना हुने गरी सञ्चालन गर्ने, कामदार कर्मचारीको समय समयमा एण्टीजेन, न्यापिड एण्टीजेन तथा कोभिड-१९ परीक्षण गर्ने गराउने, आफ्नो व्यवसाय परिसर निसङ्क्रमित (डिसइन्फेक्ट) गर्ने।

फोनः ४२११०००, ४२११००१, ४२११०२५, ४२११०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
info@opmcm.gov.np

ङ. सार्वजनिक यातायात सञ्चालकले सीट क्षमता भन्दा बढी यात्रु नराख्ने, चालक दल र सबै यात्रुले अनिवार्य रूपमा मास्क लगाउने, सवारी साधनमा यात्रुलाई उपलब्ध हुन सक्ने गरी स्यानिटाइजरको व्यवस्था गर्ने र प्रत्येक दिन निसङ्क्रमित (डिसइन्फेक्ट) गरेर मात्र सवारी साधन चलाउने। सार्वजनिक सवारीमा स्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने दायित्व सञ्चालक एवं चालकको हुने र पालना नभएको पाइएमा सञ्चालक तथा चालकलाई कारवाही हुने।

च. बैठक, गोष्ठी, सेमीनारहरू भर्चुअल माध्यमबाट गर्ने, भौतिक उपस्थितिमा गर्नैपर्ने भएमा स्वास्थ्यका मापदण्ड अनिवार्य रूपमा पालना हुने गरी गर्ने। स्वास्थ्यका मापदण्ड पालना गराउने दायित्व सम्बन्धित आयोजकको हुने र पालना नभएको पाइएमा निजलाई कारवाही हुने।

छ. होटेल वा पार्टी प्यालेसले कुनै बैठक, सेमिनार, गोष्ठी, भोज वा यस्तै कार्यक्रम गर्दा आगन्तुक वा सहभागीलाई स्वास्थ्यका मापदण्ड पालना गराउने, कार्यक्रमस्थलमा कोभिड-१९ को चिन्ह वा लक्षण भएका व्यक्तिको परीक्षणको व्यवस्था गर्ने, हात धुने वा स्यानिटाइजरको व्यवस्था गर्ने दायित्व सम्वन्धित होटेल वा पार्टी प्यालेस सञ्चालकको हुने।

ज. विद्यालय लगायतका शैक्षिक संस्थाहरूमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने सम्वन्धमा कोभिड-१९ जोखिमको विश्लेषण गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपयुक्त निर्णय गर्ने।

झ. शैक्षिक संस्था वा अन्य कुनै संस्थाले भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्नुपरेमा स्थानीय प्रशासन र स्थानीय तहको समन्वयमा परीक्षा सञ्चालन हुने कोठा हरेक दिन निसङ्क्रमित (डिसइन्फेक्ट) गर्ने, एउटा कोठामा २५ जना भन्दा बढी नहुने, सामाजिक दूरी कायम हुने र स्वास्थ्यका मापदण्ड पालना हुने कुरा सुनिश्चित गरेर मात्र परीक्षा सञ्चालन गर्ने।

ञ. सार्वजनिक सेवा प्रवाह गर्दा वा बैंक वित्तीय संस्था लगायतले सेवा प्रवाह गर्दा सामाजिक दूरी कायम हुने र स्वास्थ्यका मापदण्डको पालना हुने गरी सेवा प्रवाह गर्ने र यथासम्भव अनलाइन माध्यमबाट सेवा प्रदान गर्ने।

ट. होटेल, पार्टी प्यालेस वा यस्तै धेरै मानिसहरूको सहभागिता हुने स्थानका सञ्चालकले यथासम्भव समय समयमा आफ्ना कर्मचारी तथा सहभागीहरूको एण्टीजेन, र्‍यापिड एण्टीजेन वा सेल्फ टेष्टिङ्ग एण्टीजेन परीक्षण गर्ने।

ठ. उपर्युक्त मापदण्डहरूको पालना भए नभएको सम्बन्धमा स्थानीय प्रशासन र स्थानीय तहले नियमित अनुगमन गर्ने गराउने।

२. जिल्लागत रूपमा कोभिड-१९ को सङ्क्रमण जोखिमको आधारमा सार्वजनिक आवागमन, विभिन्न पेशा व्यवसायको सञ्चालन तथा अन्य सार्वजनिक गतिविधि सञ्चालन सम्बन्धमा निषेधको आदेश जारी गर्ने लगायत आवश्यक व्यवस्था गर्न सक्ने गरी सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम सबै प्रमुख जिल्ला अधिकारीहरूलाई मुकरर गरी अधिकार सुम्पने।

३. प्रकरण १ र २ का आदेशहरू अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।